# छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२

<u>प्रस्तावना:</u> विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ एवं सोही ऐनको दफा १५ को खण्ड (ठ) तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ बमोजिम विज्ञापन बोर्डमार्फत छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापनको उत्पादन, प्रकाशन र भुक्तानी कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) बमोजिम अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले विज्ञापन बोर्डको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ सम्झनु पर्छ।

(घ) "पत्रपत्रिका" भन्नाले छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली, २०४९ को नियम १७ बमोजिम प्रेस काउन्सिल नेपालबाट श्रेणी विभाजन स्वीकृत भएका नेपालभरबाट प्रकाशित छापामाध्यमका पत्रपत्रिकालाई सम्झनु पर्छ ।

(ङ) "बोर्ड" भन्नाले विज्ञापन बोर्डलाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "लोककल्याणकारी विज्ञापन" भन्नाले छापामाध्यमलाई बोर्डमार्फत उपलब्ध गराइने सार्वजनिक हित सम्बन्धी सूचना वा सन्देशलाई सम्झनु पर्छ ।

(ज) "लोककल्याणकारी विज्ञापनको रकम" भन्नाले बोर्डबाट सार्वजनिक हितसँग सम्बन्धित सूचना वा सन्देशहरु प्रकाशन गरे वापत पत्रपत्रिकालाई दिइने रकमलाई सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा ५ बमोजिम गठित लोककल्याणकारी विज्ञापन सिफारिस समितिलाई सम्झनु पर्छ ।

२।८।२१

राधिका अर्याल
सचिव

CamScanner

(ञ) "सरकारी निकाय" भन्नाले संघीय संसद सचिवालय, अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, संवैधानिक निकाय, विभाग, प्रदेश सरकार, स्थानीय तह र नेपाल सरकार अन्तर्गतका अन्य सरकारी कार्यालय समेतलाई सम्झनु पर्छ।

(ट) "हुलाक कार्यालय" भन्नाले हुलाक सेवा विभाग अन्तर्गत हुलाक निर्देशनालय तथा जिल्ला हुलाक कार्यालयलाई सम्झनु पर्छ ।

३. लोककल्याणकारी विज्ञापन उत्पादन तथा प्रशासनिक खर्च: (१) बोर्डले ऐनको दफा १५ को खण्ड (ठ) बमोजिम पत्रपत्रिकालाई उपलब्ध गराउने सार्वजनिक हित सम्वन्धी विज्ञापन उत्पादन गर्नेछ।

(२) उपदफा (१) बमोजिम विज्ञापन उत्पादन गर्दा समितिको सिफारिसको आधारमा गर्नु पर्नेछ ।

(३) बोर्डले विज्ञापन उत्पादन तथा प्रशासनिक कार्यमा खर्च गर्दा चालु आर्थिक वर्षमा छापा माध्यमतर्फ विनियोजित रकमको पाँच प्रतिशत भन्दा वढी खर्च गर्न पाउने छैन ।

४. लोककल्याणकारी विज्ञापन संकलन: (१) सरकारी निकायले नियमावलीको नियम ६ बमोजिम लोककल्याणकारी विज्ञापन सामग्री प्रकाशन गर्न बोर्डमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलित लोककल्याणकारी विज्ञापन सामग्री तथा समितिले पहिचान गरेका विषयको अध्ययन तथा विश्लेषण गरी आवश्यकता अनुसार विज्ञापन तथा सूचना तयार गरी प्रकाशनको लागि बोर्डमा सिफारिस गर्नेछ।

५. समितिको गठन: (१) लोककल्याणकारी विज्ञापन प्रकाशनको लागि बोर्डसमक्ष सिफारिस गर्न देहाय बमोजिम लोककल्याणकारी विज्ञापन सिफारिस समिति रहनेछः-

(क) अध्यक्ष, विज्ञापन बोर्ड -संयोजक

(ख) बोर्डले तोकेको वोर्डको सदस्य -सह-संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत, बोर्ड -सदस्य

(घ) निर्देशक, हुलाक सेवा विभाग -सदस्य

(ङ) अध्यक्षले तोकेको सम्बन्धित विषय विज्ञ ( एक जना ) -सदस्य

(च) प्रतिनिधि, प्रेस काउन्सिल नेपाल -सदस्य



राधिका अर्याल
सचिव

(छ) शाखा अधिकृत, बोर्ड -सदस्य सचिव

(२) समितिले आफ्नो कार्यलाई छिटो छरितो र व्यवस्थित गराउन आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(३) संयोजकको अनुपस्थितिमा सह-संयोजकको संयोजकत्वमा समितिको बैठक बस्नेछ ।

(४) समितिले आवश्यकता अनुसार अन्य व्यक्ति वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लोककल्याणकारी विज्ञापन उत्पादन तथा प्रकाशनका लागि बोर्डमा सिफारिस गर्ने,

(ख) लोककल्याणकारी विज्ञापन संकलन तथा सम्पादन गरी प्रकाशनको लागि बोर्डमा सिफारिस गर्ने,

(ग) लोककल्याणकारी विज्ञापनको प्राथमिकताक्रम र प्रकाशनको भूगोल वा क्षेत्र निर्धारण गर्न बोर्डमा सिफारिस गर्ने,

(घ) हुलाक कार्यालयले लोककल्याणकारी विज्ञापनको प्रकाशित सामग्री र प्रकाशन वापतको भुक्तानीको अनुगमन तथा अन्य प्रशासनिक कार्य गर्न आवश्यक पर्ने रकम निर्धारण गरी बोर्ड समक्ष सिफारिस गर्ने,

(ङ) आवश्यकता अनुसार लोककल्याणकारी विज्ञापन निर्माण तथा प्रकाशनलाई व्यवस्थित गर्न बोर्डलाई सिफारिस गर्ने ।

७. लोककल्याणकारी विज्ञापन स्वीकृति: (१) बोर्डले समितिको सिफारिसमा लोककल्याणकारी विज्ञापन निर्माण, उत्पादन, प्रकाशन तथा वितरणको स्वीकृति गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आकस्मिक रुपमा कुनै लोककल्याणकारी विज्ञापन प्रकाशन गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो विज्ञापन उत्पादन तथा स्वीकृत गरी प्रकाशनको लागि पत्रपत्रिकामा पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशनको लागि पठाईएको विज्ञापन बोर्ड बैठकमा जानकारी गराउनु पर्नेछ।

८. लोककल्याणकारी विज्ञापन वितरण तथा प्रकाशन: (१) प्रेस काउन्सिल नेपालको वर्गीकरणमा



राधिका अर्याल
सचिव

परेका पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न सक्नेछन् ।

(२) लोककल्याणकारी विज्ञापन प्रकाशनका लागि बोर्डले मासिक रुपमा सूचना तयार गरी बोर्डको वेबसाइटमा राख्नेछ र सोही बमोजिम पत्रपत्रिकाले प्रकाशन गर्नुपर्नेछ ।

(३) बोर्डले पत्रपत्रिकामा भूगोल, संस्कृति, भाषा तथा समय अनुसारका लोककल्याणकारी विज्ञापन सम्बन्धित पत्रपत्रिकामा मात्र प्रकाशन गर्ने गरी पठाउन सक्नेछ ।

(४) पत्रपत्रिकाले बोर्डले सूचना प्रविधि मार्फत उपलब्ध गराएको मासिक विज्ञापन प्रकाशन दफा ११ बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

(५) पत्रपत्रिकाले अनुसूची-१ बमोजिमको आवेदन मार्फत देहायका कागजातहरु बोर्डको सूचना प्रणालीमा पेश गरी बोर्डमा सूचीकृत हुन सक्नेछनः-

(क) प्रचलित कानूनबमोजिम संस्था र पत्रपत्रिका दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रेस काउन्सिल नेपालबाट भएको पछिल्लो वर्गीकरणमा परेको प्रमाणको प्रतिलिपि,
(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(घ) सञ्चालकको नाम, ठेगाना र सम्पर्क नं सहितको विवरण,
(ङ) संस्थाको प्रवन्धपत्र र विधान/नियमावलीको प्रतिलिपि,
(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(छ) लेखापरिक्षण प्रतिवेदन,
(ज) बोर्डले तोकेका अन्य कागजातहरु ।

(६) उपदफा (५) बमोजिम सूचीकृत पत्रपत्रिकाले अर्को वर्ष देहाय बमोजिमका कागजात पेश गरी बोर्डको सूचना प्रणाली मार्फत नविकरण गर्न सक्नेछन्:-

(क) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) लेखापरिक्षण प्रतिवेदन,
(ग) प्रेस काउन्सिल नेपालवाट भएको पछिल्लो वर्गीकरणमा परेको प्रमाणको प्रतिलिपि।

९. <u>निःशुल्क वा सहुलियत दरमा विज्ञापन गर्नु पर्ने:</u> (१) मन्त्रालय, बोर्ड, प्रदेश सरकार वा स्थानीय तहवाट विपद्को समयमा सर्वसाधारणको हित वा जानकारीका लागि प्रवाह गरिने सूचना वा विज्ञापन पत्रपत्रिकाले निःशुल्क वा सहुलियत दरमा प्रकाशन गर्नु पर्नेछ ।



राधिका अर्याल
सचिव

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा प्रकाशन गरेको सूचना वा विज्ञापन प्रकाशन वापतको रकम वोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

१०. <u>निर्देशन बमोजिम प्रकाशन गर्नुपर्ने:</u> बोर्डले प्राथमिकता दिई वा " जरुरी " उल्लेख गरी प्रकाशन गर्न पठाएका लोककल्याणकारी विज्ञापन लेखी पठाए बमोजिम तत्काल प्रकाशन गर्नु पर्नेछ ।

११. <u>लोककल्याणकारी विज्ञापनको अंक, आकार र स्थान:</u> पत्रपत्रिकामा लोककल्याणकारी विज्ञापन देहाय बमोजिमको अङ्क, आकार र स्थानमा प्रकाशन गर्नुपर्नेछः-

(क) दैनिक पत्रिकाले प्रत्येक महिनामा २ कोलममा कम्तिमा ८*१० सी.एम. साइजमा १० अंकमा प्रकाशन गर्नुपर्नेछ ।

(ख) अर्ध साप्ताहिक पत्रपत्रिकाले प्रत्येक महिनामा २ कोलममा कम्तिमा ८*१० सी.एम. साइजमा ७ अंकमा प्रकाशन गर्नुपर्नेछ ।

(ग) साप्ताहिक पत्रपत्रिकाले प्रत्येक महिनामा २ कोलममा कम्तिमा ८*१० सी.एम. साइजमा ४ अंकमा प्रकाशन गर्नुपर्नेछ ।

(घ) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि पत्रपत्रिकाले पहिलो पृष्ठको एयरप्यानलमा समेत प्रकाशन गर्न सक्नेछन् ।

(ङ) पाक्षिक, मासिक वा सो भन्दा वढी अवधिमा प्रकाशन हुने पत्रपत्रिकाले म्यागजिन भए पुरा पृष्ठ र लुज सिट भए २ कोलममा कम्तिमा ८*१० सी.एम. साइजमा प्रत्येक अंकमा फरक फरक लोककल्याणकारी विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(च) नेपाल पाञ्चाङ्ग निर्णायक विकास समितिवाट निर्णय भई प्रकाशित वा अन्य आधिकारिक संस्थाबाट प्रकाशित पात्रोले प्रकाशित भएको वखत वर्षमा एकपटक लोककल्याणकारी विज्ञापन प्रकाशन गर्नसक्नेछ ।

१२. <u>सहुलियत तथा छुट दिन सकिने:</u> प्राकृतिक प्रकोप, विपद र महामारीको समयमा पत्रपत्रिका प्रकाशन हुन नसक्ने अवस्थामा वोर्डले सोही वा अर्को महिना वा अंकमा थप विज्ञापन प्रकाशित गर्न निर्देशन दिन सक्नेछ ।

१३. <u>आकारमा थपघट गरी प्रकाशन गर्न निर्देशन दिन सकिने:</u> राष्ट्रिय महत्वका विषयमा तयार गरिएका लोककल्याणकारी विज्ञापन दफा ११ मा तोकिएको भन्दा ठूलो आकारमा एउटै अंकमा प्रकाशन गर्नुपर्ने अवस्थामा प्रकाशन गर्नुपर्ने आकार तथा भित्री वा बाहिरी पृष्ठमा प्रकाशन गर्न बोर्डले निर्देशन दिन सक्नेछ र पत्रपत्रिकाले सोही बमोजिम प्रकाशन गर्नुपर्नेछ ।

१४. <u>प्रकाशित सम्पूर्ण अङ्क तथा विजक पठाउनु पर्ने:</u> पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्रकाशन भएका अङ्कहरुको सबै पृष्ठ अनिवार्यरुपमा देहाय बमोजिम पठाउनु पर्नेछः



राधिका अर्याल
सचिव

CamScanner

(क) काठमाण्डौं उपत्यकाबाट प्रकाशित पत्रपत्रिकाले प्रकाशित भएको महिनाको सम्पूर्ण पत्रपत्रिका र विलसहित अर्को महिनाको सात गतेभित्र बोर्डमा दर्ता गराउनु पर्नेछ ।

(ख) अन्य जिल्लावाट प्रकाशित हुने पत्रपत्रिकाले प्रकाशित भएको महिनाको सम्पुर्ण अङ्क र विलसहित अर्को महिनाको सात गते भित्र सम्बन्धित हुलाक कार्यालयमा दर्ता गराउनु पर्नेछ।

(ग) नेपाल पाञ्चाङ्ग निर्णायक विकास समितिबाट निर्णय भई प्रकाशित पात्रो तथा अन्य पात्रोले वैशाख सात गतेभित्र बोर्डमा दर्ता गराउनु पर्नेछ ।

(घ) तोकिएको समय र स्थानमा पत्रपत्रिका र विजक दर्ता नगराउने पत्रपत्रिकालाई भुक्तानी दिन बोर्ड तथा हुलाक कार्यालय बाध्य हुने छैन ।

१५. पुनः वर्गीकरण र गाभिएका पत्रपत्रिकासम्बन्धी व्यवस्थाः (१) प्रेस काउन्सिल नेपालबाट पछिल्लो वर्गीकरणमा परी लोककल्याणकारी विज्ञापनको रकम पाइरहेको पत्रपत्रिकाको प्रकार, स्तर वा वर्ग परिवर्तन भई प्रकाशन भएकोमा त्यस्तो पत्रपत्रिका पुनः वर्गीकरणमा परेपछि वर्गीकरणअनुसार लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न योग्य हुनेछ ।

(२) कुनै संस्थाको स्वामित्व हस्तान्तरण भएमा, कुनै पत्रपत्रिकाको प्रकाशक परिवर्तन भएमा वा कुनै पत्रपत्रिकाको नाम परिवर्तन भएमा परिवर्तन भएको प्रमाण खुल्ने कागजात पेश गरेपछि मात्र भुक्तानीका लागि योग्य हुनेछ ।

(३) कुनै एक जिल्ला वा स्थानबाट प्रकाशित पत्रपत्रिका अर्को जिल्ला वा स्थानबाट प्रकाशित गर्ने गरी स्थान परिवर्तन गरेमा परिवर्तन गरेको प्रमाण खुल्ने कागज पेश गरेमा परिवर्तित जिल्लावाट भुक्तानी दिइनेछ ।

(४) पत्रपत्रिका एकआपसमा गाभिई नयाँ नामबाट सञ्चालन भएमा त्यस्तो पत्रपत्रिका पुनः वर्गीकरणमा परेपछि वर्गीकरण अनुसार लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न योग्य हुनेछ ।

तर गाभिएको पत्रपत्रिकाले साविक मध्ये कुनै एक नामबाट सञ्चालन गरेमा साबिकको वर्गीकरण अनुसार लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

१६. लोककल्याणकारी विज्ञापनको रकम भुक्तानी: (१) पत्रपत्रिकाले दफा ८ बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशनको लागि स्वीकृति पाई लोककल्याणकारी विज्ञापन प्रकाशन गरेपछि बोर्डले यस कार्यविधि बमोजिम रकम भुक्तानी गर्नेछ ।



राधिका अर्याल
सचिव

(२) पत्रपत्रिका बर्गीकरणमा परेको आर्थिक वर्ष भन्दा तत्काल पछिको आर्थिक वर्षबाट पछिल्लो बर्गीकरण बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन बापतको रकम भुक्तानी दिइनेछ ।

तर कुनै आर्थिक वर्षको बीचमा नयाँ वर्गीकरण भई आएमा मन्त्रालयले तोकेको महिनाबाट नयाँ वर्गीकरण लागू हुनेछ ।

१७. लोककल्याणकारी विज्ञापन प्रकाशनको रकम भुक्तानी दर: लोककल्याणकारी विज्ञापन प्रकाशन वापत पत्रपत्रिकालाई भुक्तानी गरिने रकमको मासिक दर देहाय बमोजिम हुनेछ ।

| सि.नं | पत्रपत्रिकाको किसिम | क वर्ग (रु.) | ख वर्ग (रु.) | ग वर्ग (रु.) | घ वर्ग (रु.) |
|---|---|---|---|---|---|
| १ | दैनिक | ३५,२१९.०० | २७,६७१.०० | २२,६४१.०० | १५,०९४.०० |
| २ | अर्ध साप्ताहिक/साप्ताहिक | ३०, १८८.०० | २२,६४१.०० | १५, ०९४.०० | ७,५४७.०० |
| ३ | पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक | २०,१२५.०० | १५, ०९४.०० | १०,०६२.०० | ५,०३१.०० |
| ४ | पञ्चाङ्गपात्रो एकमुष्ट | ३५,२१९.०० | | | |

द्रष्टव्य: माथि तालिका (Table) मा उल्लेखित रकम कर सहितको हुनेछ ।

१८. थप रकम भुक्तानी सम्बन्धी व्यवस्था: बोर्ड वा हुलाक कार्यालयले महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा अन्य पिछडिएको समुदायबाट वा पिछडिएको भौगोलिक क्षेत्र (कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला, बझाङ, बाजुरा, अछाम, दार्चुला, मनाङ, मुस्ताङ, सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङ जिल्ला) मा दर्ता भई सोही जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकालाई वर्गीकरण अनुसार लोककल्याणकारी विज्ञापन प्रकाशनबापत पच्चीस प्रतिशत रकम थप गरी भुक्तानी गर्नु पर्नेछ । थप रकम भुक्तानी प्राप्त गर्न महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा अन्य पिछडिएको समुदायबाट प्रकाशित हुने पत्रपत्रिकाले देहायका कागजात पेश गर्नु पर्नेछ:-

(क) दैनिक पत्रपत्रिकाको हकमा सम्पादक र प्रकाशक, समाचारदाता एवं कर्मचारी गरी कम्तीमा ७ जना जनशक्ति पूर्णकालिन रुपमा काम गर्ने हुनुपर्ने ।

(ख) साप्ताहिक र अर्धसाप्ताहिक पत्रपत्रिकाको हकमा सम्पादक र प्रकाशक, समाचारदाता एवं कर्मचारी गरी कम्तीमा ४ जना जनशक्ति पूर्णकालिन रुपमा काम गर्ने हुनुपर्ने ।

राधिका अर्याल
सचिव

(ग) पाक्षिक/मासिक/द्वैमासिक/त्रैमासिक पत्रपत्रिकाको हकमा सम्पादक/प्रकाशक, समाचारदाता एवं कर्मचारी गरी कम्तीमा ३ जना जनशक्ति पूर्णकालिन रुपमा काम गर्ने हुनुपर्ने ।

(घ) महिला, दलित, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको समुदायबाट पत्रपत्रिका सञ्चालन भएको व्यहोरा जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भएको हुनुपर्ने ।

(ङ) सबै कर्मचारीहरुलाई न्यूनतम पारिश्रमिक भुक्तानी गरिएको अघिल्लो महिनाको तलवि विवरण र बैंक स्टेटमेन्ट पेश गर्नुपर्ने ।

यस दफामा जुनसुकै कुरा उल्लेख भए तापनि एउटै पत्रपत्रिकालाई दोहोरो सुविधा उपलब्ध गराईने छैन ।

१९. <u>अतिरिक्त लोककल्याणकारी विज्ञापन प्रकाशन गरे बापत थप रकम उपलब्ध गराईनेः</u> राष्ट्रिय महत्वका विषयमा साविकको लोककल्याणकारी विज्ञापन बाहेक अन्य थप लोककल्याणकारी विज्ञापन समेत प्रकाशन गर्न बोर्डले निर्देशन दिई पत्रपत्रिकाले उक्त लोककल्याणकारी विज्ञापन प्रकाशन गरेमा बोर्डले स्रोतको उपलब्धताको आधारमा दामासाहीले थप रकम उपलब्ध गराउन सक्नेछ ।

२०. <u>अनुगमनः</u> (१) पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्रकाशन गरे नगरेको विषयमा बोर्डले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित पत्रपत्रिकाको कर्तव्य हुनेछ ।

२१. <u>हुलाक कार्यालयमार्फत गर्न सकिनेः</u> (१) बोर्डले लोककल्याणकारी विज्ञापन प्रकाशन र भुक्तानी सम्वन्धी कार्य हुलाक कार्यालयको समन्वयमा गर्न सक्नेछ ।

(२) काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला बाहेक अन्य जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाले दफा ८ को उपदफा (३) बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशनको स्वीकृती प्राप्त गरेपछि बोर्डले त्यस्ता पत्रपत्रिकालाई लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रकाशन वापतको भुक्तानी गर्ने कार्य सम्बन्धित हुलाक कार्यालयमार्फत गर्न सक्नेछ ।

(३) बोर्डले उपदफा (२) बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन गराउने र प्रकाशन वापतको भुक्तानी गर्ने कार्य हुलाक कार्यालयमार्फत गराउँदा पत्रपत्रिकालाई भुक्तानी दिन आवश्यक रकम सम्वन्धित हुलाक कार्यालयलाई उपलब्ध गराउनेछ ।



राधिका अर्याल
सचिव

(४) हुलाक कार्यालयले लोककल्याणकारी विज्ञापन प्रकाशन वापत भुक्तानी गर्ने कार्यको अनुगमन तथा अन्य प्रशासनिक कार्य गर्नको लागि आवश्यक रकम बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) बोर्डले उपदफा (४) बमोजिम रकम निर्धारण गर्दा अर्थ मन्त्रालयले निर्धारण गरेको दर भन्दा बढी नहुने गरी गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिमको रकम सम्बन्धित हुलाक कार्यालयलाई बोर्डले उपलब्ध गराउनेछ ।

(७) हुलाक कार्यालयले लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रकाशन वापतको भुक्तानी गर्ने कार्य देहाय बमोजिम गर्नेछः-

(क) आफ्नो कार्यक्षेत्रभित्र प्रकाशन हुने पत्रपत्रिकाको अभिलेख राख्ने,
(ख) जिल्लास्तरीय अनुगमन तथा सिफारिस समितिसँगको सहकार्यमा पत्रपत्रिकामा बोर्डले तोके वमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन भए नभएको जाँचबुझ तथा अनुगमन गर्ने,
(ग) जिल्लास्तरीय अनुगमन तथा सिफारिस समितिको सिफारिसमा पत्रपत्रिकाबाट प्राप्त वीजकहरुको भुक्तानी दिने र सोको मासिक विवरण बोर्डमा पठाउने,
(घ) प्राथमिकताअनुरुप आकस्मिक रुपमा प्रकाशन गर्नुपर्ने विज्ञापन प्रकाशन गर्न पत्रपत्रिकालाई तुरुन्त जानकारी गराउने,
(ङ) यस कार्यविधिमा तोकेअनुरुप लोककल्याणकारी विज्ञापन प्रकाशन भएको नपाइएमा भुक्तानी रोक्का गर्ने र प्रकाशन भएको लोककल्याणकारी विज्ञापन बापतको रकम दामासाहीले भुक्तानी गर्ने,
(च) बोर्डसँग समन्वय गरी लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी अन्य कार्यहरु गर्ने ।

२२. <u>जिल्लास्तरीय अनुगमन तथा सिफारिस समिति:</u> (१) लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रकाशन वापतको भुक्तानीका लागि सिफारिस गर्न तथा अनुगमन सम्बन्धी कार्य गर्न सम्बन्धित जिल्लामा देहायको जिल्ला स्तरीय अनुगमन तथा सिफारिस समिति रहनेछः-

२।८।१



नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

राधिका अर्याल

CamScanner

(क) कार्यालय प्रमुख, हुलाक कार्यालय -संयोजक
(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य
(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य
(घ) प्रतिनिधि, नेपाल पत्रकार महासंघको जिल्ला स्तरीय शाखा -सदस्य

(२) संयोजकले तोकेको कर्मचारीले जिल्लास्तरीय अनुगमन तथा सिफारिस समितिको सचिव भई कार्य गर्नेछ ।

(३) जिल्लास्तरीय अनुगमन तथा सिफारिस समितिको बैठक संचालनसम्बन्धी व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) जिल्लास्तरीय सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) सम्बन्धित जिल्ला हुलाक कार्यालयसँगको समन्वयमा पत्रपत्रिकामा बोर्डले तोके वमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन भए नभएको जाँचबुझ तथा अनुगमन गर्ने,

(ख) यस कार्यविधिअनुरुप पत्रपत्रिकाबाट प्राप्त वीजकहरुको भुक्तानी दिन सम्वन्धित जिल्ला हुलाक कार्यालयलाई सिफारिस गर्ने,

(ग) यस कार्यविधिमा तोकेअनुरुप लोककल्याणकारी विज्ञापन प्रकाशन भएको नपाइएमा भुक्तानी रोक्का गर्न र प्रकाशन भएको लोककल्याणकारी विज्ञापन वापतको रकम दामासाहीले भुक्तानी गर्नका लागि सम्बन्धित जिल्ला हुलाक कार्यालयलाई सिफारिस गर्ने ।

२३. <u>पत्रपत्रिकाले वीजक पेश गर्ने:</u> (१) पत्रपत्रिकाले प्रत्येक महिना लोककल्याणकारी विज्ञापन प्रकाशन गरे वापतको वीजक आगामी महिनाको सात गतेसम्ममा भुक्तानी प्राप्त गर्ने कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) पत्रपत्रिकाले उपदफा (१) बमोजिमको अवधिपछि वीजक पेश गरेमा लोककल्याणकारी विज्ञापन वापतको रकम भुक्तानी गर्न बोर्ड तथा हुलाक कार्यालयहरु बाध्य हुने छैनन् ।

२।५।२१

राधिका अर्याल
सचिव

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय



CS CamScanner

(३) पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्रकाशन गरे वापत आषाढ महिनाको वीजक आषाढ २० गतेसम्म पेश गरेमा सोही आर्थिक वर्षमा भुक्तानी गरिनेछ ।

(४) आषाढ महिनाको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा आषाढ १५ गतेभित्र प्रकाशन गरिसक्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा दैनिक पत्रपत्रिकाले १० अंकमा, साप्ताहिक तथा अर्ध साप्ताहिक पत्रपत्रिकाले १५ गते उप्रान्त प्रकाशन गरिनुपर्ने अंक गणना गरी अघिल्लै अंकमा थप विज्ञापन प्रकाशन गर्नुप र्नेछ । आषाढ १५ गते पछि प्रकाशन हुने पाक्षिक, मासिक, द्वैमासिक र त्रैमासिक पत्रपत्रिकाले अघिल्लो अंकमानै आषाढ महिनाको समेत विज्ञापन थप गरी प्रकाशन गर्नु पर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन गरे बापतको भुक्तानी आषाढ महिनाको २० गतेभित्र माग गरिसक्नु पर्नेछ । २० गते पछि भुक्तानी माग गरेमा सोको भुक्तानी गरिने छैन ।

(७) दफा ११ को उपदफा (च) बमोजिम प्रकाशित पात्रोले वैशाख ७ गते भित्र वोर्डमा बील पेश गर्नु पर्नेछ।

(८) चालु आर्थिक वर्षमा भुक्तानी लिनुपर्ने रकम तोकिएको समयमा माग नगरेमा उक्त रकमको दायित्व अर्को आर्थिक वर्षमा सारिने छैन ।

२४. <u>भुक्तानी नहुने:</u> लोककल्याणकारी विज्ञापन प्रकाशन गरे वापत पत्रपत्रिकाले पाउने भुक्तानी बोर्ड वा हुलाक कार्यालयले देहायको अवस्थामा भुक्तानी गर्ने छैन:-

(क) छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ तथा छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ बमोजिम पत्रपत्रिका प्रकाशन नगरेको भनी सम्बन्धित निकायबाट लेखी आएमा,

(ख) श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ तथा श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३ बमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई पारिश्रमिकलगायत सेवासुविधा उपलब्ध नगराएको भनी सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) लोककल्याणकारी विज्ञापन प्रकाशन भएका अङ्कसहित प्रकाशन भएका पत्रपत्रिकाका सम्पूर्ण अङ्कहरु पत्रसाथ संलग्न गरी नियमित रुपमा पठाएको नपाईएमा,



राधिका अर्याल
सचिव

(घ) दफा ११ बमोजिम अङ्क, आकार र स्थानमा तोकिएको लोककल्याणकारी विज्ञापन प्रकाशन नगरेमा,

(ङ) प्राथमिकता तोकी प्रकाशन गर्न पठाएका लोककल्याणकारी विज्ञापन तोकिएको प्राथमिकताका आधारमा प्रकाशन नगरेमा वा समय तालिकामा उल्लेख भए बमोजिम प्रकाशन नगरेमा,

(च) बोर्डको निर्देशन बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन नगरेमा,

(छ) पृष्ठ संख्या नराखी लोककल्याणकारी विज्ञापन प्रकाशन गरेको पाईएमा,

(ज) पत्रकार आचारसंहिता पालना नगरेको भनी प्रेस काउन्सिल नेपालले लिखित रुपमा जानकारी गराएमा,

(झ) विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्वन्धी आचारसंहिता, २०७९ पालना गरेको नपाइएमा ।

(ञ) अदालतको फैसलाबाट दोषी ठहर भएमा कारवाहीको प्रकृति हेरी बोर्डले निश्चित अवधिका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनमा रोक लगाएमा,

(ट) ऐन, नियमावली विपरित कार्य गरेको भनी बोर्डबाट कारवाहीमा परेमा ।

२५. <u>दामासाहीले भुक्तानी गरिने:</u> पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्रकाशन गरेवापत देहाय वमोजिम दामासाहीले मासिक रकम भुक्तानी पाउनेछः-

(क) दफा ११ बमोजिम पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्रकाशनको लागि तोकिएको अङ्कमा विज्ञापन प्रकाशन भएको नपाइएमा प्रकाशित अङ्कको आधारमा दामासाहीले हुन आउने रकम भुक्तानी गरिनेछ ।

(ख) एक महिनामा एउटै लोककल्याणकारी विज्ञापन एक पटक भन्दा बढी प्रकाशनको स्वीकृति पाएको अवस्थामा बाहेक एक भन्दा बढी पटक प्रकाशन भएमा एउटा मात्र लोककल्याणकारी विज्ञापन प्रकाशन भएको मानी दामासाहिले भुक्तानी गरिनेछ।

(ग) बोर्डले तोकेको विज्ञापन प्रकाशन नगरी आफूखुसी निर्माण गरी प्रकाशन गरेको वा निर्धारित महिनाको लागि तोकिएको विज्ञापन प्रकाशन नगरी अन्य महिनाका विज्ञापन प्रकाशन गरेमा सोको भुक्तानी गरिने छैन ।

(घ) बोर्डको विज्ञापनलाई संशोधन वा तोडमोड गरी विज्ञापन प्रकाशन भएमा सोको भुक्तानी गरिने छैन ।

२६. <u>कर कट्टी तथा कोष दाखिला गरी रकम भुक्तानी पठाउने:</u> (१) लोककल्याणकारी विज्ञापन प्रकाशन गरेवापत पत्रपत्रिकालाई रकम भुक्तानी गर्दा नियमानुसारको कर कट्टी गर्नु पर्नेछ ।

२।८



नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

राधिका अर्याल
सचिव

(२) उपदफा (१) बमोजिम कट्टी गरी हुन आउने रकममा ऐनको दफा २१ को उपदफा (२) (ख) बमोजिमको रकम कट्टी गरी सोही ऐनको दफा २१ को उपदफा (१) बमोजिमको कोषमा दाखिला गर्नु पर्नेछ ।

२७. भुक्तानी सम्बन्धी व्यवस्थाः (१) पत्रपत्रिकाले नेपाल राष्ट्र बैंकबाट "क" वर्गमा वर्गीकृत बाणिज्य बैंकहरुमध्ये बोर्ड वा हुलाक कार्यालयले तोकेको बैंकमा बैंक खाता खोल्नु पर्नेछ ।

(२) प्रकाशित पत्रपत्रिका र वीजक प्राप्त भएपछि लोककल्याणकारी विज्ञापन प्रकाशन वापतको रकम पत्रपत्रिका वा पत्रपत्रिका प्रकाशन गर्ने प्रकाशनगृह वा संस्थाको नाममा रहेको बैंक खातामार्फत भुक्तानी गरिनेछ ।

२८. समन्वय समितिः (१) पत्रपत्रिकामा लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने विषयमा समन्वय कायम गर्नको लागि बोर्डमा देहाय बमोजिमको एक समन्वय समिति रहनेछः-

| | |
|---|---|
| (क) अध्यक्ष, बोर्ड | -संयोजक |
| (ख) महानिर्देशक, सूचना तथा प्रसारण विभाग | -सदस्य |
| (ग) महानिर्देशक, हुलाक सेवा विभाग | -सदस्य |
| (घ) मुख्य अधिकृत, प्रेस काउन्सील नेपाल | -सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत बोर्ड | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लोककल्याणकारी विज्ञापन प्रकाशन, अनुगमन तथा भुक्तानी प्रक्रियालाई सहज बनाउन आवश्यक सहयोग र सहजीकरण गर्ने,

(ख) पत्रपत्रिकामार्फत लोककल्याणकारी विज्ञापन प्रकाशनलाई व्यवस्थित बनाउन बोर्डलाई सुझाव दिने ।

(३) समन्वय समितिको वैठक सम्बन्धी व्यवस्था समन्वय समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

२९. अधिकार प्रत्यायोजनः बोर्डले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यक अनुसार केही अधिकार बोर्डको अध्यक्ष, सदस्य वा बोर्डको कार्यालय वा कुनै कर्मचारी वा दफा ५ बमोजिम समिति वा जिल्ला स्तरीय सिफारिस समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।



राधिका अर्याल
सचिव

CamScanner

३१. <u>खारेजी र बचाउ:</u> (१) छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८१ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

२।१८।२

राधिका अर्याल
सचिव

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

छापामाध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशनका लागि पेश गर्ने निवेदनको ढाँचा

श्रीमान् अध्यक्षज्यू
विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं ।

विषय: छापामाध्यम (पत्रपत्रिका) सूचीकरणको लागी आवेदन पेश गरेको बारे ।

विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ तथा विज्ञापन (नियमन गर्ने) नियमावली,२०७७ को नियम ४(क) बमोजिम विज्ञापन बोर्डमा देहाय बमोजिमको विवरण सहित छापामाध्यम(पत्रपत्रिका) सूचीकरणको लागि तपशिल बमोजिमको विवरण सहित यो निवेदन पेश गरेका छौं ।

तपसिल:

(१) संस्थाको नाम:

(२) संस्थाको ठेगाना:

(३) सञ्चालकको नाम ठेगाना र सम्पर्क नं सहितको विवरण:

| नामथर/ | पदनाम | मेल ठेगाना | सम्पर्क नम्बर | ठेगाना |
|---|---|---|---|---|
| | | | | |

(४) सञ्चार संस्थाको विवरण

| क्रसं. | सञ्चार संस्थाको | सम्पर्क नम्बर | सम्पर्क ठेगाना | थप भुक्तानी हुने/नहुने |
|---|---|---|---|---|
| | | | | |

(५) संस्थाको प्रकार:

(६) प्रेष काउन्सिल नेपालको पछिल्लो वर्गीकरणमा परेको प्रमाणपत्रको प्रतिलिपी,

२।१८ [signature]
राधिका अर्याल
सचिव



CamScanner

(७) प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाणपत्र र सोको नवीकरण/अद्यावधिक गरेको कागजातको प्रतिलिपि,

(८) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(९) अघिल्लो आर्थिक वर्षको वार्षिक कारोबार तथा पूँजी संरचना देखिने विवरण,

(१०) सञ्चार संस्थाको प्रवन्धपत्र / विनियमावली/विधानको प्रतिलिपि,

(११) सञ्चारसंस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

निवेदक,
निवेदकको दस्तखत:
निवेदकको नाम:
सञ्चार संस्थाको नाम:
ठेगाना:
सम्पर्क नं:
मेल ठेगाना:



CamScanner